# गण्डकी प्रदेश विकास समस्या समाधान समितिको एघारौं बैठकका निर्णय

| सि. न. | समस्या | निर्णय | प्रमुख जिम्मेवार मन्त्रालय/निकाय | सहयोगी मन्त्रालय/निकाय |
|---|---|---|---|---|
| १ | सङ्घ, प्रदेश र स्थानीय तहद्वारा निर्माण गरिएका झोलुङ्गे पुल सडकपुल निर्माण पश्चात प्रयोग विहीन भएका। | सङ्घ, प्रदेश र स्थानीय तहद्वारा निर्माण गरिएका झोलुङ्गे पुलसँगै सडकपुल निर्माण पश्चात् प्रयोग विहीन भएका झोलुङ्गे पुलको तथ्याङ्क सङ्कलन गरी उपर्युक्त निकासका लागि आवश्यक नीतिगत र संस्थागत प्रबन्ध २०८२ बैशाख २५ गतेभित्र गर्ने। | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | आर्थिक मामिला मन्त्रालय, सम्बन्धित स्थानीय तह |
| २ | गण्डकी प्रदेश आर्थिक ऐन, २०८१ को दफा-७ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ घ को विषय दोहोरो परेकोले जस्तैः पदमार्ग, प्याराग्लाईडीङ, केबलकार, बन्जिजम्प, जिप फ्लायर, र्‍याफ्टीङ, मोटर बोट, ताल तलैया आदीको पर्यटन शुल्क प्रदेश सरकारले सङ्कलन गर्न नसकेको। | मनोरञ्जन कर सङ्कलनको लागि उद्योग तथा पर्यटन मन्त्रालयले आवश्यक प्रबन्ध मिलाउने। | उद्योग तथा पर्यटन मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३ | निर्माण सम्पन्न भएका पूर्वाधार विकास आयोजना (खानेपानी तथा सिँचाइ लगायतका आयोजना) को नियमित मर्मत सम्भार हुन नसकेको। | मर्मत-सम्भार कोष स्थापना गरी आयोजनाको नियमित मर्मत सम्भार गर्ने प्रबन्ध मिलाउने। | विषयगत मन्त्रालय सबै | आर्थिक मामिला मन्त्रालय |
| ४ | प्रदेशको मत्स्य विकास स्रोत केन्द्र विकासका लागि आवश्यक जग्गा उपलब्ध नभएको। | प्रदेशको मत्स्य विकास स्रोत केन्द्र विकासका लागि नवलपरासी (बर्दघाट सुस्ता पुर्व) मा भवन जग्गा समेतको कार्ययोजना सहितको प्रस्ताव पेस गर्ने। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्बन्धित स्थानीय तह |
| ५ | सहकारीको क्षेत्रका बहुआयमिक प्रकृतिका समस्याहरू देखिरहेको सन्दर्भमा सोको नियमन तथा सुपरिवेक्षण कार्य कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको कार्य प्रकृति र उपलब्ध जनशक्तिसँग तालमेल नहुँदा प्रभावकारी रूपमा सम्पादन हुन नसकेको। | सहकारी क्षेत्रको नियमन तथा व्यवस्थापनका लागि कार्य प्रकृति मिल्ने मन्त्रालय अन्तर्गत समावेश गर्दा प्रभावकारी हुने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, आर्थिक मामिला मन्त्रालय |
| ६ | प्राकृतिक प्रकोपबाट क्षति बेहोरेका किसानलाई समयमा व्यवसाय पुनर्स्थापनाका लागि राहत उपलब्ध गराउन नसकिएको। | आगामी वर्षको बजेट तथा कार्यक्रममा व्यवस्था गरी पुनर्स्थापना सहयोग उपलब्ध गराउने। | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय आर्थिक मामिला मन्त्रालय |

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा

| | | | | |
|---|---|---|---|---|
| ७ | मिति २०८०/०८/०७ मा नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार दर्ता भएको निजी वनमा लगाइएका वा हुर्किएका साल प्रजातिका रुख कटान, उपभोग, ओसारपसार र बिक्री वितरण गर्न नेपाल सरकारबाट फुकुवा भएको र सो कार्यको सम्बन्धित प्रदेश सरकारले आवश्यक अनुगमन गर्नुपर्ने भन्ने विषय कार्यान्वयन हुन नसकेको। | मिति २०८०/०८/०७ मा नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार प्रदेश सरकारले आवश्यक अनुगमन गर्नुपर्ने विषय वन तथा वातावरण मन्त्रालय लाई अधिकार प्रत्यायोजन गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वन तथा वातावरण मन्त्रालय |
| ८ | मुस्ताङ जिल्लामा रहेको उच्च उचाइ खेल मैदानको निर्माण कार्य लामो समयसम्म पनि सुचारु नहुनु, | खेल मैदानको निर्माणको लागी जग्गा र आवश्यक बजेट व्यवस्था गर्ने। | सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय र आर्थिक मामिला मन्त्रालय। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ९ | प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल र लमजुङ अस्पतालको स्वीकृत दरबन्दी बमोजिम पद दर्ता हुन नसकेको साथै प्रदेश मातहत ल्याइएको बुर्तिबाङ र आँपपिपल अस्पतालमा आवश्यक जनशक्ति व्यवस्थापन नहुँदा सेवा प्रवाहमा कठिनाइ भएको। | प्रदेश निजामती किताबखानामा पद दर्ता गर्ने तथा वुर्तिवाङ र आँपपिपल अस्पतालमा आवश्यक जनशक्ति प्रदेश सरकारले व्यवस्थापन गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्वास्थ्य मन्त्रालय |
| १० | नदिजन्य पदार्थको सङ्कलन उत्खनन तथा विक्री वितरण गर्न राजमार्गमा पर्ने खोलाहरु र राजमार्गबाट भित्र पर्ने खोलामा प्रदेश सरकारबाट एकै प्रकारको दररेट निर्धारण हुँदा राजमार्गको नजिकमा पर्ने स्थानमा मात्र ठेक्का लाग्ने र राजमार्गबाट टाढा रहेका स्थानमा खोला ठेक्का नजाने गरेकोले अपेक्षित राजस्व प्राप्त हुन नसकेको । | प्रदेश सरकारले आगामी आर्थिक वर्षको आर्थिक विधेयकमा राजमार्गबाट दूरीको हिसाबले दररेट तय गर्नुपर्ने। | आर्थिक मामिला मन्त्रालय। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

गण्डकी प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश
पोखरा, नेपाल

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा